विद्ययाऽमृतमश्नुते
नेपाल प्राध्यापक संघ
२०१९
NJ: NUTA

# बझाङी लोकगीतको अध्ययन

**डा.लक्ष्मीराज पण्डित**
सहप्राध्यापक, नेपाल संस्कृत विश्वविद्याय, वाल्मीकि विद्यापीठ, काठमाडौं ।
Email for correspondence: panditlr@yahoo.com

**सारसंक्षेपः**
*यस लेखमा बझाङमा गाइने लोकगीतहरूमा सांख्य, वेदान्त दर्शन, अलङ्कार, गुण, रीति, अमिधा, लक्षणा, व्यञ्जना, रस, भाव जस्ता साहित्यका उत्कृष्ट तत्त्वले विभूषित भएका देखिन्छन् । यिनमा नै सङ्गतिको श्रुतिमनोहर माधुर्यता भरिएको छ । अनेक लय तथा तालका साथ यीं लोकगीतको संयोग भएपछि कर्णप्रिय हुन्छन् । यीं लोकगीतहरू स्तरीय काव्यकृतिहरूभन्दा कम छैन भन्ने कुराको विश्लेषण गर्न खोजिएको छ । बझाङी लोकगीतहरूलाई कालिदासका प्रमुख कृतिहरूसंग भाव सामिप्यता रहेको देखिन्छ भन्ने कुरालाई केही उदाहरण दिएर स्पष्ट गर्ने प्रयास गरिएको छ ।*

लोकगीत ग्रामीण मानवमस्तिष्कमा विकसित भावना तथा विचारको व्यक्त रूप हो । यसमा सामजिक संवेदना अन्तर्निहित हुन्छ । ग्रामीण जीवन जगत्को पूर्ण प्रतिविम्ब लोकगीतमा विद्यमान रहेको हुन्छ । लोकगीत सामाजिक दर्शनका कसौटी हुन् । समाजको दर्शन हुन् । जसरी मान्छेबाट छाया अलग हुन सक्तैन त्यसरी ग्रमीण मानवबाट लोकगीत अलग रहन सक्तैन । त्यसैले लोकगीत पनि ग्रामीण समाजका प्रतिच्छाया हुन् । लोकगीतमा विभिन्न विषयको समावेश भएको पाइन्छ । यीं लोकगीतमा प्रकृतिको रमणियताको अनुभव गर्न सकिन्छ । यिनमा वेदान्त, सांख्य दर्शनको पनि आभास पाइन्छ । यिनमा अमिधा, लक्षणा र व्यञ्जनाको पनि अभिव्यक्ति पाउन सकिन्छ । यहाँका लोकगीतमा गहन अर्थ छैन भने पनि गहन अर्थ भेटिन्छ । बझाङी लोकगीतमा वेदान्त, पुराण, राजनीति आदि कुराहरू पनि पाउन सकिन्छ । लोकगीतमा यो विषयवस्तु छैन भन्ने होइन । तर नजिकको तीर्थ हेलाँ भनेझैं हामीले बेवास्तामात्र गरेको हो । त्यही बेवास्ताका कारण आज हाम्रो सिङ्गो लोकसाहित्यको पनि लोप भइरहेको देखिन्छ ।

जसले जे भने पनि महाकवि कालिदासको मेघदूतकी यक्षको पत्नीको झलक निम्न गीतले दिएको पाइन्छ :

को मेरो भैसाको ग्वालो चन्न्यालेक करालो ।
साइले घर छाड्याका दिन मुखि त ओरालो ॥

यसमा स्वास्नीको घर एक्लो छ । लोग्ने कमाइ गर्न विदेश जान्छन् । आफ्ना गाउँले भाइबन्धु त्यस्तै हुन् । आफ्नो भन्नु लोग्ने नै थियो विदेश गयो । अब स्वास्नीका लागि ओराला दिनको शुरूवात भएको देखिन्छ ।

अझै मेघदूतसंग तुलनीय गीत यहाँ पनि देखिन्छः

जन बस्सेइ सर्कका पानि मुटु दुखन्छ रे ।
जन बासेइ खोलाका न्याउला याद उनको आउन्छ रे ॥

विरह पिडीत मान्छेलाई बर्षाको मौसममा बढी पीडाको महसुस हुन्छ । त्यसैले त्यस बेला न्याउली चरीसंग गीत नगाइदिन अनुरोध गरिएको छ । यस लोकगीतका पद पङ्तिसंग कालिदासको मेघदूतको निम्न श्लोकसंग तुलना गर्न सकिन्छ :

मेघालोके भवति सुखिनो ऽप्यन्यथावृत्ति चेतः ।
कण्ठाश्लेष प्रणयिनिजने किं पुनर्दूर संस्थे ॥

साथसाथै बस्ने संयोगी प्रेमी र प्रेयसीको मन जब बादलले ढाकेको आकासलाई देखेर परस्पर आलिङ्गन गर्न उत्सुक हुन्छन् भने वियुक्त भएर टाढा बस्ने प्रेमी र प्रेयसीको मन परस्पर आलिङ्गन गर्न किन आतुर नहोला ? तर अपसोच उक्त लोकगीतमा परस्पर मिलनको अभावमा त्यो मेघाछन्न आकास र न्याउली चरीको त्यो मीठो गान त्यस अवस्थामा अरुचीकर र दुखद सिद्ध भएको छ । यसरी बझाङी लोकगीतलाई मेघदूतको नजिक ल्याएर तुलनीय बनाउन सक्नु लोकगायकको महानता नै देखिन्छ । जो अशिक्षित निरक्षर हुन्छन् ।

शिष्ट साहित्य लेखनको लागि निकै मिहिनेत गर्नु पर्दछ । यसमा विभिन्न अलङ्कार आदि नियमहरू पढेर छाँटकाँट गर्नु पर्दछ । तर बझाडी लोकगीतमा यसो नियमको आवश्यकता पर्दैन । यसमा स्वतःस्फूर्त आउँछन् । निम्न गीतमा एउटा यौवनावस्थामा प्रवेश गरेकी युवतिले आफ्नो पतिसंग यस्तो धारणा व्यक्त गरेको पाइन्छः

पर्देस क्याखि झान्छौ मु एकलि छाडि ।
काँ हालु बालि बैंस कठैदैन लाडि ॥

यस्तो मेरो युवास्थालाई छोडेर किन विदेश जान लागेका छौ । मेरो यो सुन्दर झर्मराउँदो बैसलाई के गरौं । बरु पैंसा चाहिदैन । हामी त्यसै ढुटो, सिस्नु खाउँला । मेरो सौन्दर्यता र बैंसको उपभोग गर । तिमी विदेश नजाउ भन्ने धारणा व्यक्त गरेको पाइन्छ । महाकवि देवकोटाले पनि यस्तै काव्य साहित्यलाई मन पराएका थिए । उनले पनि विदेशभन्दा आफ्नै झ्याउरे लय र साग सिस्नु मन पराएर मुनामदनलाई जन्म दिएका थिए । उनको लागि पनि यस्तै साहित्य मन पर्दथ्यो भन्ने बुझिन्छ । यस कुरालाई उनको मुना मदनको पङ्क्तिले स्पष्ट परेको देखिन्छ ।

हातको मैला सुनको थैला के गर्नु धनले ।
साग र सिस्नु खाएको बेस आनन्दि मनले ॥

बझाडी लोकगीतमा वेदान्त दर्शनको झलक पनि पाइन्छ । जुन कुरा निम्न गीतबाट स्पष्ट हुन आउँछ :

धान पाकि सिरिआउँल्या भैग्यो औल्यालका जिउला ।
घरवारि कसो प हुन्छ सुदाइ भाँटा टिल्ला ॥

यो संसार औल्यालको जिउला सरहको हो । असौजको महिनामा यस जिउलामा धेरै हल्ला हुन्छ । त्यस बेला मान्छे कति खाउँला कति लाउँला भनेर मरिमेटी काम गर्दछन् । तर जति काम गरे पनि आखिरमा हात पर्ने तिनै धानमात्र हुन् । तैपनि तीं धान खाउँखाउँ भन्ने बेला यो मानव शरीर खतम भएर जान्छ । यति परिश्रम गरेर कसले खाने हो कसको हुने हो यो थाहा छैन । हामीले यो तेरो यो मेरो भनेर झगडा गर्नु र व्यर्थैको भाँटा भाँचेर परिश्रम गर्नु मात्र हो । अन्त्यमा मान्छे जसरी आयो त्यसरी जाने हो । लिनु दिनु केही छैन । जति परिश्रम

गरे पनि साथमा जाने केही पनि होइन । सहारा एउटा भगवानमात्र रहेछ । त्यसैले परानी सहदासम्म केही राम्रो कार्य पनि गर्नु पर्दछ भन्ने गहन भाव उपर्युक्त गीतमा व्यक्त भएको पाइन्छ । यही कुरालाई गरुड पुराणले यसरी व्यक्त गरेको छ :

धनानि भूमौ पशवश्च गोष्ठे देहश्चिताया परलोकमागं ।
भार्या गृहद्वारि जनाः श्मशाने कर्मानुगो गच्छति जीव एकः॥

अर्थात् कमाइ धनधर्म यसै भूमिमा रहने हुन् । गाईगोरु गोठमा रहने हुन् । स्वास्नी शवलाई श्मशान लैजादा ढोका वा आगनमा एक पटक रोइ दिने हुन् । भाइबन्धुहरू मलामिसम्म जान सक्छन् । आफूले गरेको कर्ममात्र जीवसंग जानेहो । अन्य सबै यसै लोकमा रहने हो ।

कसैले अर्को एक गीतमा यस्तै भाव व्यक्त गर्दै यस्तो भनेको पाइन्छ : यो संसारमा समानता छैन कति सुखि छन् कति दुःखि छन् । सुखि र दुःखि मान्छेका लागि भाविनी भिन्नभिन्न छन् कि भनेर गीतमा यसरी सोधेको पाइन्छ :

जेठाजिउ भैंसाका खर्क जेठानि छुइ छन् कि ?
आदा सुकि आदा दुखि भाविनि दुइ छन् कि ?

स्वर्ग र नरकको कुरा जान्नेका लागि स्वर्ग र नरक सबै यसै लोकमा छन् । आफ्नो कर्मको फल भोग्नु पर्दछ । सबैको होरो हाल्ने भाविनी एउटै छन् भन्ने धारणा बझाङी लोकगीतको यस्तो छ :

स्वर्ग नर्ग जान्न्याखि लागि सब थोक बेसै छ ।
फल भोग कर्मैका हुन् भाविनी एकैछ ॥

उपर्युक्त गीतका कथनसंग भावतको निम्न कथन मिल्न आउँछ :

“इहैव स्वर्ग :नर्क इति मातः प्रचक्षते”

कपिल मुनिले आफ्नो आमा देवहुतिलाई सांख्ययोगको कुरा गर्ने प्रसङ्गमा उनको आमाले स्वर्गनर्क कहाँ छ भनी प्रश्न गर्दा कपिलले स्वर्ग र नरक यही हो अन्यत्र छैन भन्ने जवाफ दिएका थिए ।

यसरी बझाङी लोकगीतमा शास्त्रीय कुराहरू प्रशस्त भेटिन्छन् । वेदान्तले जहाँसम्म परानि छ त्यहाँसम्म दुखैदुख भनेको पाइन्छ । किनकि मान्छे ईश्वरसंग प्रेम गर्दैनन् । मान्छे आफ्नोलागि मात्र सोच्दछन् । मान्छे सबै चीजले परिपूर्ण कहिले पनि हुँदैन । त्यसैले ऊ सधैं दुखि हुन्छ । यही कुरालाई यस गीतमा यसरी व्यक्त गरिएको पाइन्छ :

पाको फल चडिले खायो पाको फल रुखै छ ।
जाँ सम्म परानि बाँच्यो वाँ सम्म दुखै छ ॥

यसै कुरालाई उपनिषदले पनि व्यक्त गरेको पाइन्छ । “नायमात्मा प्रवचनेन लभ्यः । न वित्तेन तर्पणीयो मनुष्यः ।” अर्थात् मान्छेले जति जति आसा गर्दछ । त्यति दुःख थपिदै जान्छ । त्यसैले गीतामा पनि यस्तो भनिएको पाइन्छ : “अभ्यासेनैव कौन्तेय वैराग्येण गृह्यते” संसारमा वैराग्य लिनु, शान्ति कसरी पाइन्छ भनेर सधै अभ्यास गर्नु यीं दुबै भएपछि उसलाई ज्ञान प्राप्त हुन्छ रे । कसैले सुख सयलका कुरा गरे पनि मन मर्छ अथवा यस्ता किसिमका क्षणिक कुराहरू ज्ञानी जनले मन पराउँदैनन् । यही गीता र उपनिषदका कुरा निम्न गीतमा पनि देख्न पाइन्छ :

ऐन्या साइको भैंसो बुडो पारि बन चट्टो छ ।

तु अट्टै पिर्तिका कुडा मेरो मन मट्टो छ ॥

त्यसैले मान्छेले कर्म गर्दै जानु पर्दछ । कर्म गर्ने बेला क्षेणिक आनन्दतिर लाग्नु हुँदैन । क्षेणिक आनन्दतिर मात्र नलागेर कर्मतिर लाग्यो भने ऊ कर्मयोगी बन्न सक्तछ ।

मानिसले समय व्यतित गर्न अनेक चीजको आवश्यकता पर्दछ । त्यस्ता चीजमा जातपर्व र लोकगीतहरू पनि पर्दछन् । सायद पूर्वीय आचार्यहरूले लोकसाहित्य वा लोकगीतहरूलाई "ब्रह्मानन्द सहोदर" भनेका थिए होला । भर्तृहरिजस्ता वेदान्तिले समेत साहित्य संगीतको ज्ञान नभएको मान्छेलाई सिङ् पुच्छर नभएको घास नखाने गोरु हो भनेको पाइन्छ ।

साहित्यसङ्गीत कलाविहीनः

साक्षत् पशुः पुच्छविषाणहीनः ।

तृणन्नखादन्नपि जीवमान

स्तद्मागधेर्य परमं पशुनाम् ॥ भर्तृहरिनीति शतक १२

यसै सन्दर्भमा संस्कृतका एकजना विद्वानले पनि यस्तो भनेको पाइन्छ :

सुभाषितेन गीतेन युवतीनाञ्च लीलया ।

मनो न रमते यस्य स योगी अथवा पशु ॥

अर्थात् जो अति सुन्दर गीतको माध्यमले केटीसंग खेलेर मन्त्रमुग्ध पार्न सक्तैन त्यो या त जोगी हो या त पशु हो भनिएको छ । बझाङी लोकगीतमा पनि वास्तवमा युवाहरूले केटीसंग ड्यौडा खेलेर केटीलाई आफ्नो बसमा पार्न सक्तैन त्यो पशु वा नामर्द हो भन्ने धारणा पाइन्छ । केटीसंग ड्यौडा खेल्दा "ब्रह्मानन्द सहोदर" को भावना जागृत भएर आउँछ । त्यसैले बझाङमा केटीसंग ड्यौडा खेल्ने भन्ने वित्तिकै मर्न लागेका बूढा पनि पन्ध्रपच्चिसे युवक भएर ड्यौडा खेल्न तयार हुन्छन् । प्राचीनकालमा सायद पूर्वीय आचार्यहरूले यही देखेर साहित्यलाई उत्कृष्ट स्थानमा राखेका हुनसक्छन् ।

बझाङी लोकगीतलाई काव्य लक्षणका आधारले पनि हेर्न सकिन्छ । प्राचीन प्राच्यमनीषीहरूले काव्यको लक्षण यसरी प्रस्तुत गरेको पाइन्छ :

दोष नभएको गुण भएको कुनै कुनैठाउँमा अलङ्कार नभए पनि शब्दार्थ भएको काव्य हो ।[१]

रसमय वाक्य काव्य हो ।[२]

रमणीयार्थ प्रतिपादक शब्द काव्य हो ।[३]

काव्यको आत्मा ध्वनि हो ।[४]

रीति नै काव्यको आत्मा हो ।[५]

---

१ तद्दोषौ शब्दार्थौ सगुणावनलङ्कृतिपुनः क्वापि । मम्मट १।४

२ वाक्यं रसात्मकं काव्यम् । विश्वनाथ १।३।

३ रमणियार्थ प्रतिपादकः शब्दः काव्यम् । पण्डितराज जगन्नाथ

४ काव्यस्यात्मा ध्वनि । आनन्दवर्धन ध्वन्यालोक १।१

५ रीतिरात्मा काव्यस्य ।बामन अलङ्कार सूत्र १।२।६

टेढो उक्ति वैचित्र्यले युक्त भएको व्यवस्थित काव्यबद्ध मनमोहक वाक्य नै काव्य हो ।[६]

उपर्युक्त सबै काव्य लक्षणहरू हेर्दा बझाङी लोकगीतहरू सबै लक्षणसंग मिलजुल्दा नै छन् । तर ड्यौडाको सन्दर्भमा भने कुन्तकको टेडो, डेडो हुँदा ड्यौडा भएको हो । डेडो उक्ति वा बक्रोक्ति अथवा टेढो उक्ति वैचित्र्य नै ड्यौडा हो ।

बझाङी लोकगीत, लोककाव्य वा समस्त लोकसाहित्य काव्यका उत्कृष्ट गुणहरूले परिपूर्ण छ । यहाँका लोकगीतमा अभिधा, लक्षणा र व्यञ्जना शक्ति रस भावजस्ता काव्यका अन्तस्तत्व तथा छन्द अलङ्कारजस्ता वाह्य पक्षका परिपोषक तत्त्व सबै पाइन्छन् । अभिधादि तीनै शब्द शक्तिको विवेचना विश्वनाथले यसरी गरेको पाइन्छ :

वाच्यार्थ बोध अभिधा, लक्ष्यार्थ बोध लक्षणा र ब्यंग्यार्थ बोध भएमा व्यञ्जना वा ब्यंग्यार्थ भनिन्छ ।[७]

वाच्यार्थ (सिधा अर्थ) अभिधा नामले चिनिन्छ । जसबाट लक्ष्यार्थको बोध हुन्छ त्यसलाई त्यसलाई लक्षणा भनिन्छ । व्यङ्ग्यार्थलाई जनाउने व्यञ्जनार्थ भनिन्छ । यसरी शब्दका तीन शक्ति प्रशिद्ध छन् – अभिधा, लक्षणा, व्यञ्जना ।

### अभिधा शक्ति

तीन शक्तिमध्ये अभिधा पहिलो शक्ति हो । अभिधाबाट प्रशिद्ध अर्थको बोध हुन्छ । त्यसैले अभिधालाई पहिलो शक्ति भनिएको हो । बझाङी लोकगीतमा यसको उदाहरण यस्तो छ । जस्तैः

हातिले मचर्काइ लैग्यो लालझाडिका केला
रुन्छ मन चिरिन्छ छाति सम्झन्छु जै बेला ॥

यहाँ जीवनलाई सम्झेका बेला मन रुन्छ छाति चिरिन्छ भन्ने कुरालाई सिधा भनिएको पाइन्छ ।

### लक्षणा शक्ति

जहाँ मुख्यार्थ बाध अथवा वाच्यार्थ बाधा हुन्छ वा वाच्यार्थ लाग्दैन र कुनै लक्षणार्थ प्रतीत हुन्छ त्यही लक्षणा शक्ति हो । यो विभिन्न किसिमको हुन्छ । निम्न लोकगीतमा लक्षणाको उदाहरण भेटिन्छ –

हाल बौजु ताडिको तेल छड्का नन्द केस
धान पाकि सिरौल्या भयो तेरा माइत्या देस ।

पूर्वोक्त उदाहरणमा 'धान पाकि सिरौल्या हुनुमा' वाच्यार्थ बाधित भएर अर्को अर्थ प्रतीत हुन्छ । यसमा नायिकाले आफ्नो प्रियलाई स्मरण गर्दै आफू युवावस्थामा प्रवेश गरिसकेको प्रिय विदेश भएको कुरा अभिव्यक्त गरेको पाइन्छ ।

### व्यञ्जना शक्ति

अभिधा र लक्षणाभन्दा गहन अर्थ प्रस्तुत गर्ने शक्तिलाई व्यञ्जना शक्ति भनिन्छ । यसको उदाहरण निम्न लोकगीतमा भेटिन्छ–

६ शब्दार्थौ सहितौ वक्रकविव्यापारशालिनि ।
बन्धे व्यवस्थितौ काव्यं तद्विदाह्लादकारिणा ॥

७ वाच्योऽर्थो अभिधया बोध्यो लक्ष्यो लक्षणामतः।
व्यङ्ग्यो व्यञ्जनयास्तास्युस्रिस्रः शब्दस्य शक्तयः ॥ साहित्य दर्पण २।३

उइ लाग्यो चैतको मैना बास्न लाग्या न्याउला
जायो फुलि खड बाइग्यो फुल्लँ लाग्या प्याउला ।

प्रस्तुत गीतमा आफ्नो संगिनीसंग एउटी नायिका भन्छे– वसन्त ऋतु लागि सक्यो । वन उपवनतिर न्याउली चरीले सुरिलो आवाजमा गीत गाउँन थाल्यो । चारैतिर फूल फुलेका छन् । जाइ फुलेर सकियो । प्याउली पनि पुल्न थाल्यो । अझै पनि मेरो प्रियको कुनै खवर छैन । कठै ! यसै समय मेरो प्रियसंग भेट भइदिए हुन्थ्यो । वसन्तको मधुर समय शीतल पवनले मनमा बैराग्य उत्पन्न गराइ दिएको छ भन्ने व्यङ्ग्यार्थ रहेको पाइन्छ । भावनात्मक दृष्टिले यो गीत अति मार्मिक छ । भावसाम्यताका रूपमा संस्कृतका कुनै एक विद्वानको निम्न श्लोकलाई लिन सकिन्छ–

कालो मधुः कुपित एण च पुष्पधन्वा
धीरा वहन्ति रतिखेदहराःसमीरा ।
केलीवती वञ्जुलकुञ्जमञ्जु
ईरेपतिः कक्षय किं करणीयमद्य ॥

वसन्तको आनन्दमय समय छ। पश्चिम दूर गर्ने शीतल मन्द पवन चलिरहेको छ। कामदेव रिसाइ रहेको छ। रम्य सुकोमल बाँसको केली (क्रिडा) वन नजिकै छ। मेरा पति टाढा छन् ।अब म के गरौं ?
भनेर मेरो उपपति (जार) लाई म कहाँ पठाइ देउ भन्ने व्यङ्ग्यार्थ लुकेको देखिन्छ। यो कुरा एक संगिनीले अर्को संगिनीसंग व्यक्त गरेको बुझिन्छ।

काव्यको आत्मा रसहो । रसबिनाको साहित्य निष्प्राण नै हुन्छ । रसहरूमा पनि प्रधान रसको रूपमा श्रृंगारलाई लिने गरिएको पाइन्छ। त्यसैले श्रृंगार रसलाई रसराज पनि भनिन्छ। बझाडी लोकगीतमा पनि विभिन्न रसको प्रयोग भएको पाइन्छ। यहाँ निम्न लोकगीतले संयोग श्रृंगारको ज्वलन्त उदाहरण प्रस्तुत भएको पाइन्छ –

दइभन्दा कुराउनि निको मेरा गाइ तिलुकि
मौरि भेस जुनकिडिका गालामि चिलुकि ।

उपर्युक्त गीतमा संयोग श्रृंगारको चमत्कार दर्शनीय छ। साथै जुनकिरी शब्दको लाक्षणिक प्रयोग अझै रमणीय बनाइ दिएको देखिन्छ। यसका साथै नायक नायिकाको कपोलमा टोक्ने इच्छा भावले सहृदय संवेद्य छ। यीं लोकगीतहरूले काव्यका उत्कृष्ट आभ्यान्तर पक्ष लक्षणा, व्यञ्जना र रस एवं भावका साथै काव्यका बाह्यपक्ष अलङ्कारादिको पनि कमि नरहेको स्पष्ट देखिन्छ।

'अनुप्रासः शब्दसाम्यं वैशम्येऽपि स्वरस्थयत्'

अर्थात् स्वर विषम भए पनि शब्द साम्य भयो भने अनुप्रास अलङकार हुन्छ। अनुप्रासको उदाहरण माथि प्रस्तुत लोकगीतका 'तिलुकि' र 'चिलुकि' मा स्पष्ट देखिन्छ।

त्यस्तै बझाडी लोकगीतमा काव्यात्मक गुणहरूको पनि समावेश भएको पाइन्छ। यीं गीतहरूमा तीनै गुणहरू विद्यमान रहेको पाइन्छ।

'चित्रद्रवि भावमयो ह्लादोमाधुर्य मुच्यते' अर्थात् जसमा परम आह्लाद हुन्छ। जसले हृदय र मनलाई पगालि दिन्छ त्यही माधुर्य गुण हो।

बझाडीमा यसको उदाहरण पाइन्छ–

ठन्न पानि गुइला सेल मेरा बेडु खेत

झान्या बेला भिट भएइन यिं बाहुरा चेत ।

त्यस्तै बझाङी लोकगीतमा रीति पनि विद्यमान रहेको पाइन्छ । संस्कृत काव्यशास्त्रमा वैदर्भि रीतिको यस्तो लक्षण पाइन्छः

'माधुर्यव्यञ्जकैर्वणै रचना ललितात्मिका ।

अवृत्तिरल्पवृत्तिर्वा वैदर्भीरीतिरिस्यते ।' अर्थात् मधुरतालाई व्यक्त गर्ने वर्णले विभूषित भएको वृत्तिरहित वा अल्पवृत्तिले युक्त भएको रचना वैदर्भी रीति हो । बझाङी लोकगीतको उदाहरण

आम पाक्यो असाडका मैना काफल पाक्यो चैत

एक घुट्का बाडुलि लाइ दे सुवा मेरि छै त ।

यसमा वैदर्भी रीतिको चमत्कार रहेको छ । त्यतिमात्र होइन बझाडी लोकगीतमा आभ्यन्तर र बाह्य प्रकृतिको वर्णन पनि उत्कृष्ट काव्यहरूभन्दा कम छैन । सुशीतल नदीतट, परमरमणीय वन, उपवन, वसन्त ऋतुको सुमनोहर समय, स्वर्णिम आभाले पूर्ण हिमाल र मनमोहक डाँडाकाँडाहरू, शरद ऋतुको जुनेली रात, कलकल स्वरले निरन्तर प्रवाहित भइरहने खोला  नाला र पुण्य सलिला सेती, कालङ्गा, बाउलिगाड र सुनीगाडजस्ता पावन नदीहरू, पर्वतश्रृंखलाहरूमा देखिने वनजंगल र त्यहाँ सुरिलो तथा सुमधुर ध्वनिमा गीत गाउने न्याउली चरी, शीतल मन्द सुगन्धयुक्त पवन बाह्य प्रकृतिका साम्राज्यसूचक उपहार हुन् । यस्तै युवायुवतिको आन्तरिक प्रकृति स्वभाव वा कुनै पशुपंक्षीको स्वभावलाई आन्तरिक प्रकृतिको रूपमा लिन सकिन्छ । उपर्युक्त दुबै किसिमको प्रकृतिको छटा बझाङमा प्रचलित लोकगीतमा पाउन सकिन्छ ।

निम्न लोकगीतमा बाह्य प्रकृतिको चित्रण भएको पाइन्छः

छ्याङछ्याङ खोला कलकल पानि बुराउँसको बोटो

तोखि सम्ज्या उसै रन्छ घिउ लयाको रोटो ।

पूर्वोक्त लोकगीतमा लेकमा सुमधुर स्वरले कलकल ध्वनि गर्दै निरन्तर बगिरहने खोला र त्यसैको किनारमा फक्रिरहेका सुन्दर लालीगुराउँसका फूलहरूले स्थलगत प्राकृतिक सौन्दर्यतालाई समुद्घाटित गरेको देखिन्छ भने श्रृंगार रसले सम्पन्न नवयौवनाको मनलाई आकर्षित गरेको देखिन्छ । यस्ता लोकगीतको तुलाना महाकवि कालिदासको प्रकृति चित्रणले पूर्ण भाव समानता भएको तलको कथनबाट स्पष्ट हुन्छ–

उद्गलितदर्भकवलामृगौ परित्यक्तनर्तना मयूरा ।

अपसृतपाण्डुपत्रा मुञ्चन्त्यश्रूणीत लताः ॥ अभिज्ञान शाकुन्तल ४। १४

अथात् प्रकृतिको सुकुमारा तपोवनसंनर्धिता शकुन्तलाको पतिगृह प्रस्तान गर्ने बेला उनको भावी विरहबाट व्यथित समस्त तपोवन सन्तप्त छ । जड र चेतन सबै अश्रुनयन छन् । शकुन्तलाबाट सम्बर्धित मृगीभावी विरहले व्यथित भई आधा चपाइएको घाँस मुखभित्रै राखी स्तब्धमुद्रामा स्थत भएको छ । पोथी मयूरले शोकाकुल भएर नाच्न छोडि सकेका छन् ।

यस्तै माथिको लोकगीतमा पनि प्रकृति खोलाको रूपमा अश्रुधारा प्रवाहित गर्दैछिन् । लालीगुराउस पनि विराहाकुल भएर फुल्न छाडि सकेका छैन । प्राकृतिक सौन्दर्यको अवस्थाका सहयोगीलाई सुखदायक हुन्छ । विरही युवायुवतिलाई भने त्यही रमणीय प्रकृति अरुचिकर र अशोभनीय प्रतीत हुन्छ । त्यसैले माथिको लोकगीतमा गायक विरह युवालाई पनि आफ्नो प्रियतमाको अचानक स्मरण हुँदा खाने बेला घिउ लगाएको स्वादिष्ट रोटी पनि खान नसकेको थाहा हुन्छ ।

त्यस्तै मधुर मिलनका सुमधुर क्षणहरू वियोगावस्थाम परिणत हुँदा अवश्य पनि दुःखकर र उद्विग्नकर हुन्छन् । त्यसै भावलाई प्रकृति चित्रणको माध्यमले निम्न लोकगीतमा चित्रण गरिएको छ–

नाता धुन्या बाल्टिनका अन्तर फुट्याको
जनलागेइ जुनेलि रात पिरता टुट्याको ।

विरहविदलित युवागमन संयोगावस्थाको आह्लादकारी पूर्ण चन्द्रलाई वियोगावस्थामा वेदनाप्रद सम्झिरहेको छ । अतः जुनेली रातलाई सम्बोधित गर्दै भन्छ– जुनेली रात ! तेरो आविर्भाव हुनुभन्दा नहुनु राम्रो छ । किनभने आजभोलि मेरो प्रियतमासंग प्रीति विच्छेद भएको छ ।

यस्तै सुन्दर नायिकाको प्रकृति चित्रण निम्न लोकगीतबाट अभिव्यक्त भएको पाइन्छ –

सिरुपात्या सालिको कन्न पिपलपात्या चिउँडि
पारिका कलिला बाँस वारि आइभ्mा निउडि ॥

प्रियसी सुन्दरीको कम्मर सिरुको पातजस्तो दुर्वल पातलो छ । चिउँडो पिपलको पातजस्तो सुन्दर छ । समस्त अङ्ग बाँसजस्तो कलिलो उन्नत र विशाल छ । यस गीतलाई कालिदासको निम्न पङ्तिसंग भाव साम्यता रहेको पाइन्छ–

अधर किसलयरागः कोमल विटपानुकारिणौ बाहु ।
कुसुममिव लोभनीयं यौवनगङ्गेषु सन्नद्धम् ॥ अभिज्ञान शाकुन्तल १। २२

शकुन्तलाका सुन्दर र सुकुमार ओठ नूतन पल्लव जस्तै सुकोमल र लालित्यपूर्ण छन् र दुबै हात कणनीय हाँगाजस्तै सुपुष्ट र विशाल छन् । कक्रिएका फूलहरूजस्तै आकर्षक यौवनाङ्गमा व्याप्त भइरहेको छ । त्यसैले प्रकृति चित्रणको दृष्टिले कालिदासको सुकोमल कविताको हारारीमा उभिन सक्ने बझाडी लोकगीत कुनै पनि उत्कृष्ट साहित्यभन्दा कम देखिदैनन् । यस्तै अर्को बझाडी लोकगीतको प्रकृति चित्रणलाई निम्न गीतबाट पनि स्पष्ट हुन आउँछ –

जन बर्सेइ सर्कका पानि चित्त दुख्तो छ रे
जनबासेइ खोलाका न्याउला सम्झना आउँछ रे ।

विरह पिडीत व्यक्ति वर्षा याममा बढी पीडाको अनुभव गर्दछन् । त्यसैले उ न्याउली चरासंग गीत नगाइदिन अनुरोध गरिरहेको छ । यसै लोकगीतका पङ्तिहरूलाई कालिदासको मेघदूतको निम्न श्लाकसंग तुलना गरेर हेर्न सकिन्छ–

मेघालोके भवति सुखिनो ऽप्यन्यथावृत्ति चेतः ।
कण्ठाश्लेष प्रणयिनिजने किं पुनर्दूर संस्थे ॥

साथसाथै बस्ने संयोगी प्रेमी र प्रेयसीको मन जब बादलले ढाकेको आकासलाई देखेर परस्पर आलिङ्गन गर्न समुत्सुक हुन्छ भने वियुक्त भएर टाढा बस्ने प्रेमी र प्रैयसीको मन परस्पर आलिङ्गन गर्न किन आतुर नहोला ? तर अपसोच उक्त लोकगीतमा परस्पर मिलनको अभावमा त्यो मेघाच्छन्न आकास र न्याउली चरीको सुरिलो सुमधुर गीत त्यस अवस्थामा अरुचिकर र दुखप्रद सावित भएको छ ।

यसरी बझाडी लोकगीतमा विभिन्न दर्शन, अलङ्कार, गुण, रीति, अमिधा, लक्षणा, व्यञ्जना, रस, भाव जस्ता साहित्यका उत्कृष्ट तत्त्वले विभूषित भएका देखिन्छन् । यिनमा नै सङ्गतिको श्रुतिमनोहर माधुर्यता भरिएको छ । अनेक लय तथा तालका साथ यीं लोकगीतको संयोग भएपछि कर्णप्रिय हुन्छन् । यिनै संगीत सुनेर रसिकवृन्द

आनन्दको अनुभव गर्दछन् । यिनै लोकगीतमा यिनको समावेस भएको छ । 'शब्द ब्रह्म' भनेको पनि यही हो । सद्यः परनिवृत्ति पनि यसैमा विद्यमान छ ।

बझाङी लोकगीतका लोकगीतकारहरूमा प्रकृति चित्रणको कमनीय छटा छ । लोकलयमा आवद्ध प्रकृतिको उदार तथा सुमधुर साम्राज्य छ । त्यसैले यहाँका लोकप्रिय गीतहरू युवायुवतिका कण्ठाहार बनेका छन् । तीं युवायुवतिहरू लेकमा न्याउलीसंग र तराइमा कोइलीसंग स्वरमा स्वर मिलाएर सुरिलो कण्ठले गीत गाउँछन् । यसै माध्यमले रसिक युवायुवतिहरू स्वर्गप्राप्तितुल्य परमानन्दको अनुभव गर्दछन् । यसै परमानन्द प्राप्तिको सन्दर्भमा संस्कृतका कुनै विद्वानले यस्तोधारणा व्यक्त गरेको पाइन्छ–

स्वर्गप्राप्तिरनेनैवदेहेन वरवर्णीनी ।
अस्य रदच्छदरसो न्यक्करोतितरां सुधाम् ॥

हे सौन्दर्यशाली दायिका ! कवितारूपिणी तरूणी नायिकाको अधरामृतले निः सन्देह स्वर्ग प्राप्ति हुन्छ । यसको सुस्वाद रसले सुधा वा अमृतलाई समेत तिरस्कृत गर्दछ । अतः काव्यरस अमृतभन्दा पनि सुमधुर हुन्छ । बझाङी लोकगीतमा पनि यस्तो किसिमको सौन्दर्यता पाइन्छ । आज यिनको संरक्षणको अभाव र पाश्चात्य शिक्षाको प्रभावले लोपान्मुख छन् । यसमा सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

**सन्दर्भसामाग्री**

गिरी, जीवेन्द्रदेव, २०६७, **नेपाली लोकसाहित्यमा जन जीवन,** काठमाडौः एकता प्रकाशन ।
बन्धु, चूडामणि, २०५८, **नेपाली लोकसाहित्य,** काठमाडौः एकता प्रकाशन ।
पण्डित, लक्ष्मीराज, २०७४, **बझाङी भाषाको परिचय**, बझाङ : श्रीमती हर्कदेवी पण्ढित ।
पाण्डे, बद्रीदत्त, ई. १९९०, कुमाऊँ का ईीतहास, अल्मोडाः विनोद प्रसाद अग्रवाल श्याम प्रकाशन ।
पौडेल, द्रोणकुमार उपाध्याय, २०७४, **लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ,** काठमाडौः नेपाल प्रज्ञा-प्रतिष्ठान ।
बराल, टीकादत्त, २०६८, **तत्सम नेपाली व्युत्पत्ति शब्दकोष,** काठमाडौः विद्यार्थी पुस्तक प्रकाशन ।
पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) २०४०, **नेपाली बृहद् शब्दकोश,** काठमाडौः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
लामिछाने, मनोहर, २०६५, **लोकसाहित्य र संस्कृतिका केही पाटाहरू**, ललितपुरः साझाप्रकाशन ।
यात्री, पूर्णप्रकाश नेपाल, २०४१, **भेरी लोकसाहित्य,** काठमाडौः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।